आज मिति २०७४ साल माघ महिनाको २७ गते शनिवारका दिन विहानको ठिक ८.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यापालिका )

श्री सविता रसाईली , नगर उपप्रमुख , सदस्य (नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल , (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका), नि.वा, बिलबहादुर गुरुङ,

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया महत, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

अन्य उपस्थिति :

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत,

निर्णय नं. १

मिती २०७४।१०।०५ गते बसेको कार्यपालिकाको निर्णय नं. ३ अनुसार गठित सात(७) सदस्यीय कार्यदलको मिती २०७४।१०।१७ गते बसेको वैठकले पेश गरेको तपशिल बमोजिमको राय सहित गठित " आधारभुत तह उत्तीर्ण परिक्षा समिती शु.न.पा तनहुँ" लाई अनुमोदन गरियो ।

तपशिल :

**आधारभुत तह उत्तीर्ण परिक्षा समिती शु.न.पा तनहुँ**

अध्यक्ष : श्री किसान गुरुङ्ग , नगर प्रमुख

सदस्य : श्री सबिता रसाईली , उप प्रमुख

सदस्य : श्री काशी राम गैरे , प्रमुख प्रशासकीय अधिकृत

सदस्य : श्री केशवराज घिमिरे ,प्र.अ खैरेनी मा.वि

सदस्य : श्री एक बहादुर गुरुङ्ग ,प्रिन्सीपल , बाल विधा ईङ्गलिस बोडिङ्ग स्कुल

सदस्य : श्री प्रेम कुमारी भट्टराई ,शिक्षक , छब्दी मा.वि

सदस्य : श्री सुरेन्द्र कुमार कर्ण , श्रोतव्याक्ति

सदस्य : श्री , विधालय निरिक्षक

सदस्य-सचिव : श्री धन नारायण श्रेष्ठ ( शिक्षा शाखा प्रमुख )

निर्णय नं. २

विधालयमा करारमा शिक्षक नियुक्ति गर्नका लागि शु.न.पा भित्रमा तहगत स्थायी शिक्षकहरुवाट १० वर्ष अनुभव पुगेका विषय विषेषज्ञ नियुक्ति गर्नका लागि शिक्षा शाखा मार्फत १५ दिने सुचना प्रकाशित गर्ने ।

निर्णय नं. ३

स्थानीय तहका लागि मन्त्रालयबाट उपलब्ध गराईएका नमुना कानुनहरु मध्ये तपशिल बमोजिमका संशोधन सहितका कानुनहरुलाई स्वीकृतीका लागि नगरसभामा पेश गर्ने ।

प्रमुख

तपशिल :

१.नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता , २०७४

२.नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि)सम्बन्धमा व्यवस्था गर्न बनेको नियम

३.नगर कार्यपालिकाको कार्यसम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम

४.नगर कार्यपालिकाको कार्य विभाजन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम

५.नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

६.नगरपालिकाको आर्थिक वर्ष २०७४।२०७५ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

७.नगर सभाको सभा सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली

८.नगर कार्यपालिकाको वैठक सञ्चालन तथा व्यवस्थापन(कार्यविधी) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली ।

९.स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन , २०७४

१०. नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन , २०७४

११. एफ.एम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि , २०७४

१२. नगरपालिकाको सहकारी ऐन , २०७४

१३.नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका , २०७४

१४.शिक्षा नियमावली , २०७४

१५.नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन , २०७४

निर्णय नं. ४

मिती २०७४।१०।२६ गतेदेखि शु.न.पा ११ , साखेमा हुँने प्रथम थामडाडा साँखे महोत्सव २०७४ एवम वडा स्तरीय भलिबल प्रतियोगिताको दोश्रो पुरस्कार राशि वरावरको जम्मा रकम रु ३५०००।-(अक्षेरुपी रु पैतिस हजार रुपैया मात्र) रकम खेलकुद शिर्षकबाट उपलब्ध गराउँने ।

प्रमुख

निर्णय नं. ५

नगर कार्यपालिकाको निर्णयानुसार शु.न.पा ५ स्थीत निर्माण गर्ने भनिएको सरसफाई केन्द्र (लेण्डफिल्ड साईड)को निर्माणका लागि उपभोक्ता समितीद्धारा १० %(दश प्रतिशत) श्रम दान मात्र गर्ने गरि कार्य अघि बढाउँने ।

निर्णय नं. ६

शु.न.पा ३ स्थीत हर्कपुर मोटरमार्ग मर्मत गरि पेश भएको विल भर्पाइ (अब उप्रान्त थप विल भर्पाइ पेश नगर्ने ) अनुसारको रकम रु २,२८,०००।-(अक्षेरुपी रु दुई लाख अठ्ठाईस हजार मात्र) रकम मात्र भुक्तानी दिने ।

निर्णय नं. ७

मिती २०७४।१०।०५ गते बसेको कार्यपालिकाको निर्णय नं. ३ अनुसार गठित सात(७) सदस्यीय कार्यदलको मिती २०७४।१०।१७ गते बसेको वैठकद्धारा गठित " आधारभुत तह उत्तीर्ण परिक्षा समिति शु.न.पा तनहुँ" ले नै यस पटकबाट कक्षा आठ(८)को परिक्षा सञ्चालन गर्ने भएकोले शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालयमा विनियोजन भै आएको रकम मध्येबाट यस नगरपालिकाको लागि परिक्षा सञ्चालनका लागि नियमानुसार विनियोजित रकम यथाशिघ्र नगरपालिकामा पठाउँनका लागि जिल्ला शिक्षा कार्यालयलाई लिखित अनुरोध गर्ने ।

निर्णय नं. ८

शु.न.पा ७ स्थीत तत्कालिन कृषि तालिम केन्द्र , जर्मन प्रोजेक्टद्धारा राखिएका फलामका विधुत पोलहरुलाई तहाँबाट स्थानान्तरण गरि आवश्यक ठाउँमा व्यवस्थापन गर्ने ।

प्रमुख

निर्णय नं. ९

मिती २०७४।०९।०६ मा सम्पन्न कार्यपालिका वैठकबाट शुक्लागण्डकी नगरपालिका वडा नं. १ को अर्घली खानेपानि योजनाको लागि रु १०,००,०००।-(अक्षेरुपी रु दश लाख मात्र) विनियोजन गरिएकोमा हाल उक्त योजनाको लागत अनुमान १९,६५,२२१।-(अक्षेरुपी रु उन्नाईस लाख पैसठ्ठी हजार दुई सय एक्काईस रुपैया मात्र) रुपैया लाग्ने भएको हुँदा जनश्रम हिसाब गर्दा रु ५,००,०००।-(पाच लाख रुपैया मात्र ) रकम अपुग हुँन आएको हुँदा उक्त अपुग रकम वडा कार्यालय भवन निर्माण शिर्षकको रु २०,००,०००।-(अक्षेरुपी रु बिस लाख रुपैया मात्र) रुकम मध्येबाट रु ५,००,०००।-(अक्षेरुपी रु पाच लाख मात्र ) रकम रकमान्तर गर्ने ।

प्रमुख

प्र.प्र.अ.

प्रमुख प्रशासकीय अधिकृत